आज मिति २०७९।०९।२८ गते यस कपुरकोट गाउँ कार्यपालिकाको ८७ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री खगेन्द्र बहादुर शाही - प्रशासन अधिकृत
श्री विष्णु प्रसाद आचार्य - लेखापाल
श्री रोमहर्ष के.सी. - सहायकस्तर पाँचौ
श्री केशर सिंह खड्का - का.स.
श्री लानुभक भण्डारी - सूचना प्रविधि अधिकृत

CamScanner

कपुरकोट गाउँपालिकाको मिति २०७९।०३।२८ गतेको ८७ औं गाउँकार्यपालिका बैठकका कार्यसूचिहरु:

१. हाल सम्मको कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२. LISA र FRA को प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

३. प्रदेश र संघमा समपुरक र विषेश अनुदानमा माग गर्ने योजना छनौट सम्वन्धमा ।

४. विभिन्न डि.पी.आर. हरुको प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

५. ग्रामीण विद्युतिकरणको लागि सम्झौता गर्ने सम्बन्धमा ।

६. विभिन्न य।जनाहरुको लागत अनुमान स्वीकृत गरि बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।

७. विविध ।

- नागरिक वडापत्र स्वीकृत गर्ने ।
- अनुगमन प्रतिवेदन अनुमोदन ।
- टोलविकास संस्था र उपभोक्ता समितिलाई अभिमुखिकरण ।
- प्रधानमन्त्री रोजगारी कार्यक्रम साझेदारी ।

२०७९/३/२५

प्रमुख प्रशासकीय अधिकृत

## कपुरकोट गाउँपालिकाको ८७ औं गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु:

**निर्णय नं.१:**

यस कपुरकोट गाउँपालिकाको गाउँ कार्यपालिकाका आ.व. २०७९।०८० का निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

**निर्णय नं.२:**

यस कपुरकोट गाउँपालिकाको आ.व. २०७८।०७९ को LISA र FRA को प्रतिवेदन माथि छलफल गरि आवश्यक सुझावसहित अनुमोदन गर्ने ।

**निर्णय नं.३.**

यस कपुरकोट गाउँपालिकाको आ.व. २०८०।०८१ का लागि तपसिलका आयोजनाहरु संघीय समपुरक अनुदान र विषेश अनुदान शिर्षकमा माग गर्ने ।

**संघीय विशेष अनुदानतर्फ:**

| क स | आयोजनाको नाम | अनुदान माग गरिएको निकाय | अनुदान किसिम |
|---|---|---|---|
| १ | एकिकृत कपुरकोट खानेपानी योजना कपुरकोट ३ र ४ | संघ | विशेष अनुदान |
| २ | खरको छानामुक्त पालिका निर्माण योजना ९३५ घरधुरी | संघ | विशेष अनुदान |
| ३ | घंघारीचौर पर्यटकीय पार्क तथा सांस्कृतिक संग्रहालय निर्माण वडा नं.४ | संघ | विशेष अनुदान |
| ४ | पोषणमैत्री स्थानीय तह घोषणाका लागि बुहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रम | संघ | विशेष अनुदान |
| ५ | वगरखोला भुन्टेटाकुरा लिफट खानेपानी योजना वडा नं. १ | संघ | विशेष अनुदान |

**संघीय समपुरक अनुदानतर्फ:**

| क स. | आयोजनाको नाम | अनुदान माग गरिएको निकाय | अनुदान किसिम |
|---|---|---|---|
| १ | टुनिबोट छाँयानाथ कोईला सडक स्तरोन्नती कपुरकोट ६ | संघ | समपुरक अनुदान |
| २ | कपुरकोट धनवाङ गाडापानी फलावाङ्ग सडक स्तरोन्नती कपुरकोट ४ | संघ | समपुरक अनुदान |
| ३ | खाली गर्पा दहबन सडक स्तरोन्नती कपुरकोट १ र २ | संघ | समपुरक अनुदान |
| ४ | खाली सिंदुरी र्याले सडक कपुरकोट ५ | संघ | समपुरक अनुदान |
| ५ | कपुरकोट दमारखोला झुलनेटा सिमलकुना सडक वडा नं. २ | संघ | समपुरक अनुदान |

निर्णय प्रमाणित
२०८०।३।१६

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

यस कपुरकोट गाउँपालिकाको आ.व. २०८०।०८१ का लागि तपसिलका आयोजनाहरु प्रदेश समपुरक अनुदान र विषेश अनुदान शिर्षकमा माग गर्ने ।

**प्रदेश समपुरक अनुदानतर्फ**

| क स | आयोजनाको नाम | अनुदान माग गरिएको निकाय | अनुदान किसिम |
|---|---|---|---|
| १ | कपुरकोट दानवाङ्ग रिठाबोट सडक वडा नं. २ | प्रदेश | समपुरक अनुदान |
| २ | पाथिहाल्ना धारखोला ठुलीमुल सडक योजना वडा नं. ४ | प्रदेश | समपुरक अनुदान |
| ३ | कोईला डिवाङ्ग सडक योजना कपुरकोट ६ | प्रदेश | समपुरक अनुदान |
| ४ | कपुरकोट सात्दोबाटो सडक वडा नं. ३ | प्रदेश | समपुरक अनुदान |
| ५ | कपुरकोट देमारखोला झुलनेटा सिमलकुना सडक वडा नं. २ | प्रदेश | समपुरक अनुदान |

**प्रदेश विशेष अनुदानतर्फः**

| क स | आयोजनाको नाम | अनुदान माग गरिएको निकाय | अनुदान किसिम |
|---|---|---|---|
| १ | दुमैखोला गट्टेटाकुरा लिफ्ट खानेपानी योजना वडा नं. १ | प्रदेश | विशेष अनुदान |
| २ | सिस्नेरी लिफ्ट खानेपानी योजना वडा नं. ५ | प्रदेश | विशेष अनुदान |
| ३ | क्षयरोग मुक्त नेपाल घोषणा अभियान कपुरकोट | प्रदेश | विशेष अनुदान |
| ४ | कपुरकोट साँस्कृतिक संग्रहालय वडा नं. २ | प्रदेश | विशेष अनुदान |

**निर्णय नं.४:**

यस कपुरकोट गाउँपालिकामा आ.व. २०७९।०८० मा तपसिल बमोजिमका योजनाहरुको अन्तिम विस्तृत परियोजना प्रतिवेदन (डि.पी.आर.) हरु स्वीकृत गर्ने ।

१. पातिहाल्ना धारखोला ठुलीमुल सडक योजना कपुरकोट ४
२. गोठीबन धनठाना खानेपानी योजना कपुरकोट २
३.एकिकृत कपुरकोट खानेपानी योजना वडा नं. ३ र ४
४. टुनिबोट छाँयानाथ कोईला सडक स्तरोन्नती योजना वडा नं. ६
५. कपुरकोट दानवाङ्ग रिठाबोट सडक स्तरोन्नती योजना वडा नं. २
६. सिस्नेरी लिफ्ट खानेपानी योजना वडा नं. ५
७. बगरखोला भुन्टेटाकुरा लिफ्ट खानेपानी योजना वडा नं. १
८. सम्धीमोड बैसेरी झोलुङ्गे पुल योजना वडा नं. ३ र ५

**निर्णय नं.५:**

यस कपुरकोट गाउँपालिकाको आ.व. २०७९।०८० को ग्रामीण विद्युतिकरणतर्फ विनियोजित २ करोड रकममा नेपाल विद्युत प्राधिकरणबाट साझेदारी गर्न रु ५ करोड स्वीकृत भईसकेको र सम्झौता तथा साझेदारी रकम नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र सल्यानको बैंक खातामा जम्मा गरेपछि मात्र काम अगाडी बढाउने व्यहोराको मिति २०७९।०९।२१ को पत्रानुसार यथाशिघ्र दुई पक्षीय सम्झौता गरि साझेदारी रकम उपलब्ध गराउने ।

निर्णय प्रमाणित

२०८० ३।२८

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.६:**

गोठीबन धनठाना खानेपानी योजना कपुरकोट २ र सम्थीमोड् बेसरी झोलुङ्गे पुल योजना वडा नं. ३ र ५ को लागत अनुमान स्वीकृत गरि खुला बोलपत्र आह्वान गर्ने ।

**निर्णय नं.७:**

सुशासन तथा संस्थागत विकास समितिका संयोजकले पेश गरेको यस कपुरकोट गाउँपालिकाको नागरिक वडापत्र स्वीकृत गर्ने ।

**निर्णय नं.८:**

यस कपुरकोट गाउँपालिकामा संचालन हुने विभिन्न योजनाहरुको पालिकास्तरिय अनुगमन समितिको संयोजकत्वमा अनुगमन सम्पन्न पश्चात अनुगमन समिति संयोजकद्वारा कार्यपालिका बैठकमा पेश भएको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने ।

**निर्णय नं.९:**

यस कपुरकोट गाउँपालिकाको आ.व. २०७९।०८० अन्तर्गतका उपभोक्ता समितिमार्फत संचालन हुने सम्पूर्ण योजनाहरुको सफल कार्यान्वयनको लागि यस पालिकाका सम्पूर्ण वडाहरुमा टोलविकास संस्था र उपभोक्ता समितिलाई अभिमुखिकरण गर्ने र वडा स्तरमै योजना सम्झौता गर्ने गरि पालिकाबाट सूचना प्रकाशित गर्ने ।

प्रतिलिपि प्रमाणित

२०८० ।३।२५

प्रमुख प्रशासकीय अधिकृत